# १२ परमेश्वरको सञ्चितकका आचरणहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* एफिसी ५:१५-१७, कलस्सी ३:२३, लूका १२:३५-४८, याकूब ४:१४, प्रेरित ३:२१ र १ कोरन्थी ९:२४-२७।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"९ जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ? तपाईंका वचनअनुसारको जीवन बिताएर नै हो। १० म आफ्नो सम्पूर्ण हृदयले तपाईंलाई खोज्छु, तपाईंका आज्ञाहरूबाट मलाई बहकेर जान नदिनुहोस्। ११ तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु। १२ हे परमप्रभु, तपाईंको प्रशंसा होस्, तपाईंका विधिहरू मलाई सिकाउनुहोस्।" भजनसंग्रह ११९:९-१२।**

तपाईँको आचरण वा आनिबानीले तपाईँ कुन् लक्ष्यतिर गइरहनुभएको छ सो देखाउँदछ। जुन् सञ्चितकहरूले असल बानीहरूको बिकास गर्दै जान्छ तिनीहरू नै अत्यन्त विश्वासिलो र भरपर्दो सञ्चितक अर्थात् इमान्दारीपूर्वक उत्तरदायित्व बहन गर्न सक्ने व्यक्तिहरू हुन्छन्। नियमित रूपमा दिनदिनै प्रार्थना गर्ने अगमवक्ता दानियल (जो पछि बेबिलोनको (आधुनिक इराक) प्रधानमन्त्री भए) आदत थियो (दानियल ६:१०)। साबथमा सिनिगग अर्थात् यहूदीहरूको चर्चमा जाने पावलको नियमित चलन थियो (प्रेरित १७:१,२)। उनले यो पनि लेख्दछन्: "कसैको धोका वा छलकपटमा नपर्नु: "खराब साथीहरूसँगको संगतले गर्दा असल बानिहरूलाई भ्रष्ट बनाउँछ"" (१ कोरन्थी १५:३३ रूपान्तरित)। खराब बानीहरूलाई हटाइ राम्रो बानीहरूलाई ठाउँ दिनु हामीहरूको कर्तव्य हो।

"हामीहरू व्यक्तिगत रूपमा अहिले जुन् रूपमा चिनिन्छौं त्यो हर समय र अनन्तसम्म चिनिनेछौं। हामीहरूको स्वभावले हामीहरूलाई चिनाउनेछन्। जुन मानिसहरूले ठीक स्वभाव वा चरित्रलाई निर्माण गर्दछ र प्रत्येक जिम्मेवारीलाई विश्वास तथा भरपर्दो रूपले पालन गर्दछन्, तिनीहरू झलझली बलेको बत्ती जस्तो हुनेछन्। अरूहरू हिंड्ने बाटोको निम्ति तिनीहरू उज्यालो किरण हुनेछन्।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ४, पृ. ४५२बाट रूपान्तरित।

तपाईंले चाहिने इनाम खोज्नुहुन्छ भने तपाईंको बानीले छिटो उपलब्ध गराउँछ। बानी व्यहोरा भनेको मानिसको दिमागमा घुसिरहने निर्णय हुन्। अर्को शब्दमा आफ्नो बानीलाई सोच्नु पनि पर्दैन। स्वभावले नै तपाईं आफ्नो बानी अनुसार चल्नु हुन्छ। तपाईंको चाहना अनुसार बानी असल पनि हुनसक्छ, खराब पनि हुनसक्छ। परमेश्वरको सञ्चितक वा उत्तरदायी व्यक्ति भएर उहाँले दिनुभएको जिम्मेवारीलाई इमान्दारीपूर्वक पालन गर्न असल आचरण वा बानिहरूले कस्तो प्रभावकारीरूपमा सहयोग गर्दो रहेछ भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १. बानीः सबै कुराहरूमा परमेश्वरलाई पहिलो स्थान दिने आदत (मत्ती ६:३३)

हामीहरू सबै जना कुनै न कुनै बानीले चिनिएका हुन्छौं वा हामी सबैमा धेरै किसिमका आचरण वा बानीहरू छन्। तर ती बानीहरू कुन् हुन? असल कि खराब? येशूभक्तहरूमा हुनुपर्ने सबै बानी वा आदतहरूमा प्रत्येक दिन परमेश्वरको नजिक हुन खोज्नु सबभन्दा महत्त्वपूर्ण बानी हुनुपर्छ।

"प्रत्येक बिहान तपाईंको आत्मा, शरीर र मनलाई परमेश्वरमा समर्पण गर्नुहोस्। तपाईंको मुक्तिदातामा झन झन भर पर्न र उहाँको उपासना गर्ने बानी बसाल्नुहोस्।"-एलेन जी ह्वाइट, *माइन्ड, क्यारेक्टर, एण्ड पर्सनालिटी,* ठेली १, पृ. १५बाट रूपान्तरित। यस खालको बानीले हामी साँघुरो ढोकाबाट जीवनमा पस्न सक्नेछौं (मत्ती ७:१४)।

परमेश्वरले भन्नुभयो, "मेरो अगाडि कुनै देवी वा देवताहरू नमान्नु" (प्रस्थान २०:३ रूपान्तरित)। आधारभूत आवश्यकताको सन्दर्भमा औंल्याउँदै येशूले भन्नुभयो, "परमेश्वरको राज्य र उहाँको धार्मिकता अर्थात् धार्मिक नीति अपनाउने बानी पहिले खोजि गर" (मत्ती ६:३३ रूपान्तरित) र हामीलाई यो पनि बताइएको छः "जब तिमीले तिम्रो सारा हृदयले मलाई खोज्छौ तब तिमीले मलाई भेट्टाउनेछौ।"(यर्मिया २९:१३ रूपान्तरित)।

**हामीहरूको जीवनमा परमेश्वरले प्रथम स्थान दिनु भनेको के हो भनेर देहायका केही पदहरूले कसरी बताउँदछन्? हेर्नुहोस्ः मत्ती २२:३७ "येशूले जवाफ दिनुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो पूरा हृदय, पूरा प्राण र पूरा मनले प्रेम गर्नु ३८ सबैभन्दा मुख्य र ठूलो आज्ञा यही हो। ३९ अनि यस्तै अर्को मुख्य र ठूलो आज्ञाचाहिँ , "आफ्नो छिमेकीलाई आफैंलाई**

**जस्तै प्रेम गर।“ ४० मोशाका सबै व्यवस्था र अगमवक्ताका शिक्षाहरूको आधार यी दुई आज्ञा हुन्।", प्रेरित १७:२८ “२८ किनभने हामी उहाँमै जिउँछौं र उहाँमै चहलपहल गर्छौं। यस बारेमा तपाईंहरूका एक जना कविले पनि यसरी भनेका छन्, "साँच्चै हामी उहाँकै सन्तान हौं"।", एफिसी ५:१५-२० “१५ त्यसकारण कस्तो चालचलन चल्नुपर्ने हो, राम्ररी ध्यान देओ, मूर्खजस्तो भएर होइन, बुद्धिमान् भएर हिंड। १६ यी नराम्रा दिनहरूमा तिमीले पाएका सबै मौकाहरूको असल प्रयोग गर। १७ त्यसकारण मूर्ख नबन तर प्रभुले तिमीबाट के आशा राख्नुहुन्छ, सो पत्तो लगाओ। १८ मद्यको नशामा बाँचेर जीवन नष्ट नगर तर पवित्र आत्माले भरिपूर होओ। १९ एक-अर्कासँग स्तुति, भजन र पवित्र आत्माले दिएका गीत गाउने गर र प्रभुलाई आफ्नो हृदयका मीठा गीतहरूले स्तुति गर। २० हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा परमेश्वर पितालाई सबै कुरामा सधैं धन्यवाद दिने गर।"**

परमेश्वरलाई खोज्नु भनेको के हो वा उहाँलाई हामीहरूको जीवनमा पहिलो स्थान दिनु भनेको के हो भन्ने उदाहरणहरूमा येशूको उदाहरण सबभन्दा असल भएको मान्नुपर्छ। येशूले जे गर्नुभयो उहाँले परमेश्वर पितालाई पहिलो स्थान दिनुभएको थियो। उहाँ सानो हुँदाखेरि नै निस्तारचाडको समयमा यरुशलेममा जानुहुँदा उहाँले त्यो बानी देखाउनुभएको थियो। उहाँ तीन दिनसम्म हराउनुभएको थियो। युशूफ र मरियमले अन्धाधुन्ध उहाँलाई खोजेपछि उहाँलाई मन्दिरमा भेट्टाउनुभएको थियो। मरियमले झर्को मानेर “बाबु, तिमीले हामीलाई किन यसरी सास्ती दियौ?" भनेर भन्दा उहाँले जवाफ दिनुभयो, “के तपाईंहरूलाई थाहा छैन, म मेरो पिताको मामिलामा व्यस्त हुनुपर्छ?" (लूका २:४६-४९ रूपान्तरित)।

परमेश्वर पितासँग सम्पर्क गरिराख्ने येशूको  तिब्र चाहना थियो भनेर उहाँको जीवनभरको प्रार्थना गर्ने बानीले देखाएको थियो। यो बानी उहाँको आफ्नै चेलाहरूले राम्रोसँग बुझ्न सकेको थिएन। संसारको कुनै पनि अन्धकार शक्तिले उहाँ र उहाँको पितासँगको सम्बन्धलाई अलग गर्न सक्दैनथ्यो किनभे परमेश्वर पितासँग पूर्णरूपमा सम्बन्ध जोडि राख्नु उहाँको बानी थियो।

हामीहरूको सारा मनले, शरीरले, दिमागले र आत्माले उहाँलाई प्रेम गर्ने निर्णयले उहाँको उदाहरणलाई पछ्याउन सक्छौं (मत्ती २२:३७)। प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने र हामी जे गर्छौं त्यसमा उहाँको चरित्रलाई झल्काउने चाहनले परमेश्वरलाई पहिलो स्थान दिने बानी हामी बसाल्न

सक्दछौं। यदि हामीहरू इसाई हौं भनेर दावी गर्छौं भने त्यो भन्दा उत्तम बानी अरू के होला?

**तपाईंले आफूले आफैलाई सोध्नुहोस्: के तपाईंले तपाँईको जीवनमा परमेश्वरलाई पहिलो स्थान दिनुभएको छ? तपाईंलाई कसरी थाहा छ?**

## २. येशू ख्रीष्टको आगमनलाई हेरिरहने बानी (लूका १२:३५-४७)

**हामीहरूको दैनिक जीवनमा येशूको आगमनको प्रतिक्षाले कस्तो प्रभाव पार्नुपर्छ भने येशूले भन्नुभएको देहायको अर्तिकथाले कसरी बताउँछ? येशूको आगमन हुन्छ त्यसकारण केही गर्नुपर्दैन भन्ने मनस्थितिलाई त्यस कथाले हामीलाई कस्तो पाठ सिकाउँछ? हेर्नुहोस् लूका १२:३५-४८ "३५ त्यसपछि येशूले भन्नुभयो, "आफ्नो कम्मर कसेर तयार भई बस र बत्तीहरू बालिराख। ३६ तिमीहरू विवाहको भोजबाट फर्कने मालिकको बाटो हेरिरहने नोकरहरूजस्ता होओ। मालिक आएर ढोका ढकढक्याउँने बित्तिकै उनीहरूले ढोका खोलिदिन्छन्। ३७ मालिक आउँदा जागै बसिरहेका ती नोकरहरूले स्याबासी पाउनेछन् र तिनीहरू खुसी हुनेछन्। साँच्चै म तिमीहरूलाई भन्छु, त्यस मालिकले पाहुनालाई जस्तै मेजमान गर्न तयार हुनेछन् र ती नोकरहरूलाई आरामसँग बसाएर खुवाउनेछन्। ३८ तर यदि मालिक ढीलो गरेर आधारातमा या बिहानतिर आउँदा पनि आफ्ना नोकरहरूलाई जागै बसिरहेका देखे भने तिनले झन् धेरै स्याबासी दिनेछन् र तिनीहरू झन् खुसी हुनेछन्। ३९ तर यो सम्झिराख, यदि चोर आउने समय थाहा पाएको भए त घर धनीले चोरलाई घरमा पस्नै दिने थिएनन्। ४० त्यस्तै तिमीहरू पनि चनाखो भएर बस। म मानव पुत्र तिमीहरूले नचिताएको बेलामा नै आउनेछु।"**

हामीहरूको जिम्मामा छोडेका बस्तुहरूलाई निरन्तररूपमा सञ्चिता वा हिफाजत गर्ने बानी येशूको आगमनलाई मध्यनजर राखेर गर्नुपर्छ। हेर्दाखेरि इमान्दारी देखिने तर बेइमान वा मेरो मालिक ढिलो आउँछ भनेर जथाभावी चल्ने विश्वासी भनाउँदा इसाईहरूको सत्य खोल बिस्तारै उघारिने छ। तर जो सत्यवादी र भरपर्दो भएर आफ्नो मालिकले दिएको जिम्मेवारीलाई इमान्दारिपूर्वक पालन गर्छ र आफ्नो मालिक जहिले पनि आउन सक्छ भन्दै उसको बाटो हेर्दै काम गरिरहन्छ तिनीहरूलाई उचित इनाम दिइनेछ। येशूमा सत्यवादी भएर हिंड्ने इसाईहरू भविष्यको निम्ति जिउँछन् तर केही गर्ने छैन वा केही गर्नुपर्दैन भनेर हात बाँधेर बस्दैनन् तर दिनदिनै परिश्रम गर्दै उहाँको

बाटो हेरेर बस्दछन्। "तर हामीहरूको सकल नागरिकता स्वर्गमा छ। अनि यस संसारमै रहँदा मुक्तिदाता येशू ख्रीष्टको आगमनको निम्ति उत्सुक भएर हामी पर्खेर बस्दछौं (फिलिप्पी ३:२० रूपान्तरित)।

अब्राहमले अनन्तको सहरको प्रतिक्षा गरिरहेका थिए (हिब्रू ११:१०) र पावलले येशूको आगमनको बाटो हेर्दै थिए (हिब्रू १०:२५)। तिनीहरू प्रगतिशील चिन्तकहरू थिए। येशूको आगमनको निम्ति प्रतिक्षा गर्दै, आफ्नो भौतिक तथा आत्मिक जीवनको निम्ति योजना बनाउँदै र कुनै पनि समयमा उहाँको आगमन हुँदा उहाँसँग जान तयार थिए। सुसमाचारको निर्णयक बिन्दु अर्थात् येशूको आगमन नहुञ्जेल हामीहरूले पनि पर भविष्य हेरिरहने बानी बसाल्नुपर्छ (तितस २:१३)।

चर्चमा गएको बेलामा वा कहिलेकाहीँ बाइबलको भविष्यवाणीलाई अध्ययन गर्ने बेलामा फाट्टफुट्ट येशूको आगमनलाई हेर्ने बानीको सट्टामा हामीलाई दिइएको कामलाई निरन्तरता दिँदै उहाँको आगमनलाई हेरिरहने बानी हामीले बसाल्नुपर्छ। फेरि त्यसैबखत संसारको अन्तमा यो भइरहेको छ त्यो भइरहेको छ भनेर अनेकौं घट्नाहरूको बारेमा उत्तेजित हुने बानीबाट पनि हामी चनाखो हुनुपर्छ। येशूको आगमनको प्रतिज्ञाले हामी कता गइरहेका छौं भनेर हामीहरूको गन्तव्यलाई देखाउँदछ, बर्तमान समयमा हामी कस्तो वास्तविक दृष्टिकोणलाई मनमा राखेर चल्नुपर्छ भन्दै जीवनको जरुरी थोकहरूलाई सम्झंदै हामीहरूको जीवनलाई अगाडि बढाइरहनुपर्छ। येशूको आगमनलाई हेरिरहने बानीले सञ्चितकको परिभाषा र उद्देश्यलाई बताउँछ।

उद्धारकर्ताको आगमन निश्चय छ र उहाँलाई भेट्ने छौं भन्ने निश्चय जानकारी क्रुसले दिइसकेको छ। येशू आउनुभन्दा अघि के हुनेछ भनेर बाइबलमा विभिन्न चिन्हहरूले औंल्याइरहेको पाइन्छ। परमेश्वर पिताको र स्वर्गदूतहरूको महिमामा उहाँ आउनुहुनेछ भनेर बाइबलले तोकिसकेको छ (मर्कूस ८:३८)। "त्यसकारण हामीहरूको आँखा हामीहरूले नदेखेको कुरामा राखिराख्छौं। जुन कुरो हामी देख्दछौं त्यो केवल अस्थायीमात्र हो। जुन कुरा देखिंदैन त्यो अनन्तको हुन्छ" (२ कोरन्थी ४:१८ रूपान्तरित)।

हो मृत्यु र बर्तमान परिबेसमा त्यसको निरन्तरताले हामीहरूको जीवन कतिको क्षणिक रहेछ भनेर हामीलाई औंल्याइरहेको महसुस गर्नुपर्छ। तर येशूको दोस्रो आगमनको प्रतिज्ञाले मृत्यु पनि अस्थायी र क्षणिक मात्र हुन् भनेर देखाउँदछ। त्यसैकारण हामीहरूको जीवनको प्रत्येक पक्षलाई येशूको

आगमनको प्रतिज्ञाले असर पारिरहनुपर्छ। इसाई सञ्चितक वा परमेश्वरले सुम्पनुभएको प्रत्येक थोकको सही भण्डारे भएर हामीहरूको प्रत्येक पाइलामा उहाँको आगमनको प्रतिज्ञाको प्रभाव पारौं। येशूको आगमन जुनसुकै बेलामा पनि हुनेछ भन्ने उहाँको आगमनको प्रतिज्ञालाई हेरिरहने बानी हामी बसालौं। हामीहरूको सेभेन्थ-डे एडभेन्टिस्ट भन्ने नाउँ आफैले उहाँको आगमनको वास्तविकतालाई प्रकट गर्दछ। हामीहरूको नाउँप्रति हामी गौरबान्वित हुन सिकौं।

## ३. बानीब्यहोरा वा आदत : समयलाई पनि बुद्धि पुऱ्याएर चलाऔं (भजन ३१:१५)

**"हामी त हिजोमात्र जन्मेका हौं, हामीलाई केही थाहा छैन, किनभने यस संसारमा हामीहरूका दिनहरू केवल छायाँमात्र हुन्" (अय्यूब ८:९ रूपान्तरित)।**

हामीहरूको घडीलाई हामीले बन्द गर्न सक्छौं तर समयको चाललाई हामीले रोक्न सक्दैनौं। समयले हामीलाई पर्खिँदैन। हामी टक्क उभिएर बसेतापनि, केही काम छैन भनेर आकाशमा हेरेर दिन बिताएतापनि समय अगाडि चलिरहन्छ।

**यस संसारमा हामीहरूको जीवनसँग समयको के सरोकार छ वा समयप्रति कस्तो गम्भिर हुनुपर्छ भनेर देहायका केही पदहरूले के सिकाउँछन्? हेर्नुहोसः याकूव ४:१३,१४ "१३ "आजै कि भोलि हामी कुनै सहर, बजारमा जाऔंला र एक वर्ष बसेर व्यापार गरौंला अनि धन कमाऔंला" भन्ने तिमीहरूले मेरो कुरा सुन। १४ भोलि के हुन्छ, तिमीहरू केही जान्दैनौ। तिमीहरू त एक छिन देखा पर्ने र बिलाएर जाने बाफजस्तै छौ।", भजन ९०:९-१२ "९ तपाईंको क्रोधले हाम्रो आयु घटाउँदछ, कानेखुसी गरेको कुराझैं हाम्रो जीवन बिलाउँदछ। १० हामी जम्मा सत्तरी वर्षसम्म जिउँछौं– बलिया छौं भन्ने असी वर्षसम्म होला; तर तिनीहरूले हामीलाई कष्ट र अफसोस मात्र ल्याउँछन्, जीवन चाँडो बितिजाँदछ र हामी गइसकेका हुन्छौं। ११ तपाईंको क्रोधको शक्ति कसले चाल पाएको छ र? तपाईंको बल्दो क्रोधले कस्तो डर ल्याउन सक्छ, कसले जानेको छ? १२ *हामीलाई सिकाउनुहोस् कि हाम्रो जीवन कति छोटो छ र हामी बुद्धिमान् बन्न सकौं।* " भजन ३९:४-६ "४ "परमप्रभु! म कहिलेसम्म बाँच्नेछु? म कहिले मर्नेछु? मेरो जीवन कहिले अन्त हुन्छ, सो**

मलाई भन्नुहोस्।" ५ तपाईंले मेरो जीवन कति छोटो बनाउनुभएको छ। तपाईंको दृष्टिमा मेरो जीवनकाल केही होइन। साँच्चै, हरेक मानिस एक मुट्ठी सासभन्दा केही बढी छैन। ६ छायाँजस्तो मात्र हो! उसले गरेको काम केही मूल्यको छैन। उसले धन बटुल्छ तर त्यो कसले बटुल्छ, सो जान्दैन।" र उपदेशक ३:१-८ "१ यस संसारमा जे-जति हुन्छ, परमेश्वरको निर्धारित समयमा नै हुन्छ। २ जन्मने एउटा समय छ, मर्ने एउटा समय।
रोप्ने एउटा समय छ, उखेल्ने एउटा समय। ३ मार्ने एउटा समय छ, निको पार्ने एउटा समय। भत्काउने एउटा समय छ, बनाउने एउटा समय। ४ रुने एउटा समय छ, हाँस्ने एउटा समय। शोक गर्ने एउटा समय छ, नाच्ने एउटा समय। ५ ढुङ्गा फ्याँक्ने एउटा समय छ, ती बटुल्ने एउटा समय। अँगालो हाल्ने एउटा समय छ, अँगालो नहाल्ने एउटा समय। ६ भेट्टाउने एउटा समय छ, हराउने एउटा समय। राख्ने एउटा समय छ, फाल्ने एउटा समय। ७ च्यात्ने एउटा समय छ, सिउने एउटा समय। चुप लाग्ने एउटा समय छ, बोल्ने एउटा समय। ८ प्रेम गर्ने एउटा समय छ, घृणा गर्ने एउटा समय। युद्ध गर्ने एउटा समय छ, मिलाप गर्ने एउटा समय।" यस संसारमा हामीहरूको समय कतिको मूल्यवान रहेछ भनेर माथिका पदहरूले देखाएको मौलिक सन्देशलाई हामीले कसरी लिने?

समय सिमित र फेरि फर्किंदैन भन्ने जस्तो यथार्थ कुरालाई सम्झेर प्रत्येक व्यक्ति जो इसाई भनेर दावी गर्छ त्यसले समयलाई उचितरूपमा सञ्चिता गर्नुपर्छ वा बुद्धिमानीपूर्वक चलाउनुपर्छ भन्ने महत्त्वपूर्ण धारणालाई सम्झिरहनु पर्छ। त्यसले गर्दा हामीमा पाएको समयलाई बुद्धि पुऱ्याएर चलाउने र यस जीवन र पछिको जीवनमा जुन महत्त्व छ त्यसलाई मध्यनजर राखेर बिताउनुपर्छ। परमेश्वरको वचनले जुन महत्त्वलाई देखाइएको छ त्यसलाई आधार बनाएर हामीहरूको समयलाई व्यवस्थित ढंगले चलाउनुपर्छ। किनभने एक फेरा समय गयो वा समयलाई सदुपयोग गर्ने मौका गुमाइयो भने त्यसलाई फेरि फर्काउन सकिन्न। हाम्रो पैसा हरायो भने त्यसलाई फेरि पाउन सक्छ। परिश्रम गरियो भने हराएको भन्दा अझ धेरै पाउन पनि सक्छौं। तर समयलाई त्यसो गर्न सकिन्न। एक क्षण गुमिएको छ भने त्यो सदाको निम्ति गुमिएको हुन्छ। पोखेको अण्डालाई टुक्रिएको अण्डाको खपटामा हाल्न सजिलो होला तर गुमिएको समयलाई फेरि फर्काएर ल्याउन सकिंदैन। त्यसकारण परमेश्वरले हामीलाई दिनुभएको थोकहरूमा समय अत्यन्त मूल्यवान थोक हो।

त्यसकारण हामीलाई दिइएको प्रत्येक समयलाई सावाधानीपूर्वक खर्च गर्ने बानीलाई बिकास गर्नु अत्यन्त जरुरी छ।

"हामीहरूको समय परमेश्वरको हो (भजन ३१:१५)। प्रत्येक क्षण उहाँको हो, त्यसकारण हामीले पाएको प्रत्येक क्षणलाई परमेश्वरको महिमाको निम्ति चलाउने बानी बसाल्न खोज्नु अत्यन्त गम्भीर मामिला हो भनेर मान्नुपर्छ। हामीहरूको जीवनलाई परमेश्वरले दिनुभएको बस्तुहरू वा दक्षताहरूको हिसाबकिताबलाई राम्रोसँग बुझाउनु पर्नेमा समय जस्तो अरू छैन। "समयको महत्त्वलाई कसैले पनि गन्न सक्दैन। प्रत्येक क्षण अत्यन्त महत्त्वभएको येशूले महसुस गर्नुभएको थियो। उहाँकै अनुसरण गरेर हामीले पनि समयलाई ख्याल गर्नुपर्छ। समय एकदम छोटो छ र त्यसलाई खेलाएर बस्ने फुर्सद छैन। हामीलाई अनन्त जीवनको निम्ति तयार गर्न दिइएको समय केवल थोरै दिनहरूमात्र छन्। समय खेर फाल्ने समय छैन। आफ्नो स्वार्थी अभिलाषालाई पोस्न समय छैन। पापसँग खेलबाड गर्न हामीसँग समय छैन।"-एलेन जी ह्वाइट, क्राइस्ट अब्जेक्ट लेसनस्, पृ. ३४२बाट रूपान्तरित।

**"१५ त्यसकारण कस्तो चालचलन चल्नुपर्ने हो, राम्ररी ध्यान देओ, मूर्खजस्तो भएर होइन, बुद्धिमान् भएर हिंड। १६ यी नराम्रा दिनहरूमा तिमीले पाएका सबै मौकाहरूको असल प्रयोग गर।" एफिसी ५:१५-१६। पावलले यहाँ हामीहरूलाई के भनिरहेकाछन्? अहिले नै उनले दिएको नीतिलाई कसरी पालन गर्ने?**

## ४. दिमाग, शरीर र आत्मालाई स्वस्थ राख्नेः बानीब्यहोरा वा आदत (३ यूहन्ना ३)

**जब** हामीलाई सृष्टि गरिएको थियो सुरूमा हामी मानसिक, शारीरिक र आत्मिक रूपमा सिद्ध थियौं। तर पापले गर्दा सबै थोक भ्रष्ट हुन पुग्यो। हामी जुन स्थितिमा पहिला थियौं त्यही स्थितिमा हामीलाई लैजाने प्रक्रियामा परमेश्वर लागि रहनुभएको छ भन्ने सन्देश नै सुसमाचारको खुशी पार्ने मूल सार हो।

**देहायका केही पदहरूले हामीहरूलाई एक अमूल्य आशामा लागिरहन औंल्याएको छ। अन्तमा हामीहरूको जीवनलाई पुनरुद्धार नहुञ्जेल हामी कसरी पर्खेर बस्ने? हेर्नुहोस्: प्रेरित ३:२१ "तर पवित्र अगमवक्ताहरूले भनेजस्तै परमेश्वरले सबै कुरा नयाँ बनाउने समय नआएसम्म येशू स्वर्गमै रहनुपर्छ।" र प्रकाश २१:१-८ " १ यसपछि मैले नयाँ स्वर्ग र नयाँ पृथ्वी देखें। पहिलो स्वर्ग**

**र पहिलो पृथ्वी हराएर गयो अनि समुद्रचाहिँ लुप्त भयो। २ अनि परमेश्वरबाट स्वर्गबाट पवित्र सहर ओर्लिरहेको मैले देखें। तिनलाई आफ्ना दुलहा भेट्न सिँगारिएकी दुलहीजस्तै गरी तयार भएको मैले देखें। ३ सिंहासनबाट ठूलो सोरमा यसो भनेको मैले सुनें, "हेर! अबदेखि परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ र उनीहरू उहाँकै मानिसहरू हुनेछन्। परमेश्वर आफैं उनीहरूसित हुनुहुनेछ अनि उहाँ उनीहरूका परमेश्वर हुनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ। अबदेखि कोही मर्नुपर्नेछैन। कसैले पनि शोक मानेर रुनेछैन, कुनै किसिमको दुःख हुँदैन। पुराना सबै कुरा बितिसकेका छन्। ५ तब सिंहासनमा विराजमान् हुनुहुने परमेश्वरले भन्नुभयो, "हेर! अब म सबै कुरा नयाँ बनाउँछु।" उहाँले मलाई यसो पनि भन्नुभयो, "यी कुरा लेख किनभने ती साँचा र विश्वास गर्न सकिने कुरा हुन्।" ६ अनि उहाँले भन्नुभयो, "अब सबै काम पूरा भइसके! अल्फा र ओमेगा आदि र अन्त म नै हुँ। जस-जसलाई तिर्खा लाग्छ, तिनीहरूलाई म जीवनको पानीको मूलबाट सित्तैंमा पिउन दिनेछु। ७ ज-जसले जित्छ, उसले मबाट यो हक पाउनेछ। म उसका परमेश्वर हुन्छु र ऊ मेरो छोरो हुनेछ। ८ तर कातरहरू, धोखाबाज गर्नेहरू, घिनलाग्दा काम गर्नेहरू, ज्यानमाराहरू, व्यभिचार गर्नेहरू, टुनामुना गर्नेहरू, मूर्ति पूज्नेहरू र सबै झूट बोल्नेहरूको ठाउँचाहिँ आगो र गन्धकले जलिरहेको कुण्ड हो। त्यसमा पर्नुचाहिँ दोस्रो मृत्यु हो।"**

मानव जातिको आत्मिक, मानसिक र शारीरिक उत्थानको निम्ति यस संसारमा रहनुहुँदा येशूले निरन्तररूपमा नथाकि परिश्रम गर्नुभएको थियो। त्यो सबै उहाँको प्रयासले यस संसारको अन्तमा मानिसहरूको स्वभाव कसरी पुनर्निर्माण हुनेछ भनेर देखाइएको थियो। येशूले बिरामीहरूलाई निको पार्नुभएकोले यो प्रमाणित गर्दछ कि उहाँ यस संसारमा फेरि फर्कनुहुंदा प्रत्येक मानिस सकेसम्म स्वस्थ रहुन्। त्यसकारण जो परमेश्वरको सञ्चितक वा उहाँमाथि विश्वास गर्छु भनेर आफ्नो विश्वासप्रति उत्तरदायी बनेर देखाउँछ त्यो व्यक्तिले उसको दिमाग वा सोच्ने शक्ति, शरीर र आत्मालाई **स्वस्थ राख्ने** बानीलाई बिकास गर्दै अघि बढिरहेको हुन्छ।

पहिलो कुरो, जति जति दिमागलाई चलायो त्यतित्यति त्यो झन झन बलियो भएर जान्दछ। अर्थात् दिमाग वा सोच्ने बरदानलाई येशूभक्तले बुच्चे बनाइराख्न सुहाउँदैन। तपाईंको दिमागमा यो खालको बानी बसाल्ने प्रयास गरिरहनुहोस् जुन पावलले भन्दछन्, " ८ आखिरमा दाजुभाइहरू, तिमी सत्य,

असल, ठीक, स्वच्छ, सुन्दर, आदरणीय र प्रशंसनीय कुरामा मन लगाओ। ९ मैले भनेको तिमीहरूले सुनेका र देखेका छौ। तिमीहरूले मबाट सिकेको र पाएको शिक्षाहरू नै पालन गर्ने गर अनि शान्ति दिने परमेश्वर तिमीहरूसँग हुनुहुनेछ।" परमेश्वरको आत्मज्ञान वा उहाँको चाहनालाई आत्मसात् गर्ने आदत भएको मानिसको दिमागमा शान्ति ल्याउँछ (यशैया २६:३) र शान्तमय दिमाग भएको मानिसको शरीर स्वस्थ हुन्छ (हितोपदेश १४:३०)। स्वस्थ सोच्ने शक्ति भएको मानिसमा यस्तो बललाई जम्मा गरेको हुन्छ कि कुनै पनि अबस्थामा ऊ सक्रिय हुनसक्छ। अर्थात् शान्ति र स्वस्थ दिमाग भएको मानिसले जुनसुकै परिस्थितिलाई पनि हतार र निराश नभई सामना गर्न सक्दछ।

दोस्रो, असल तथा स्वस्थ स्वास्थ्य बानी भएको मानिसले आफ्नो शरीरलाई हिफाजत गर्दछ। जब हामी व्यायाम र उचित खाना खान्छौं त्यसले हामीहरूको सरीरलाई सन्तुलन र स्वस्थ राख्न चाहन्छौं भनेर देखाउँदछ। नियमित रूपमा व्यायामा गर्दा हामीहरूको रक्तचाप र तनाव कम गर्दछ, हामीहरूको मिजासलाई राम्रो गरिराख्छ र यस संसारमा भएका कुनै पनि औषधीहरूभन्दा त्यसले लामो आयु थप्न ठूलो सहयोग गर्दछ।

तेस्रो, परमेश्वरको सञ्चितक वा परिपक्व येशूभक्तले आफ्ना आत्मिक जीवनलाई तेजिलो पारिराख्न निरन्तररूपमा प्रयास गर्दछ। तपाईंको आत्मालाई परमेश्वरतिर उचाल्नुहोस् (भजन ८६:४,५) र उहाँलाई पर्खनुहोस् (भजन ६२:५)। जब तपाईं सत्यमा हिँड्नुहुन्छ (३ यूहन्ना ३) तब तपाईंको आत्मिक जीवन सम्पन्न अर्थात् बलियो हुँदै जान्छ। त्यसको फलस्वरुप प्रभु येशू नआउञ्जेल तपाईं निर्दोष भएर सुरक्षित भइरहेको पाउनुहुनेछ (१ थेस्सोलिनिकी ५:२३ रूपान्तरित)।

**तपाईंमा भएका आत्मिक, शारीरिक र स्वस्थ मनको स्वभाव वा आदत कस्तो छ? के तिनीहरूमा कुनै यस्तो स्वभाव छ जुन परिवर्तन गर्न आवश्यक छ जसले गर्दा तपाईं स्वस्थ र हँसिलो बन्न सकिरहोस्? येशू ख्रीष्टको आगमनमा तपाईंको शारीरिक, आत्मिक र मानसिक संरचनालाई पुनउद्धार नगरुञ्जेल बाइबलमा दिएका के के प्रतिज्ञाहरू छन् जसलाई दावी गरेर तपाईंको समग्र जीवनको बानीलाई स्वस्थ राख्न सहयोग गर्दछ?**

## ५. आफूले आफूलाई अनुशासनमा राख्ने बानी (२ तिमोथी १:७)

आत्मसंयम, आफूले आफैलाई अनुशासनमा राख्ने बानीहरूमा अरू बानीहरूभन्दा अत्यन्त महत्त्वपूर्ण बानी वा गुण प्रत्येक येशूभक्त वा सञ्चितकको गुण हुनुपर्छ। पावले भन्दछन् "परमेश्वरको आत्माले हामीलाई डरपोक वा काँतर बनाउँदैन तर यसले हामीहरूलाई शक्ति दिन्छ, प्रेम गर्ने खुबी दिन्छ र आफूले आफूलाई बशमा वा अनुशासनमा राख्ने बल दिन्छ" (२ तिमोथी १:७ रूपान्तरित)। ग्रीक भाषाको अनुशासन भन्ने शब्द सोफ्रोनिमोस (*sophronismos)* हो। नयाँ करारमा केवल यहाँमात्र देखा परेको छ। त्यसको अर्थ संतुलन तरिकाले र स्वस्थ दिमागले यताउति नलागि परमेश्वरको नीतिमा जे गर्नुपर्छ सो गरि नै रहने क्षमता हो। यदि हामीले हामीलाई नै बशमा राख्न सक्यौं भने "असल र खराब के हो" सो छुट्याउन सहयोग गर्दछ (हिब्रू ५:१४)। यदि हामीमा अनुशासन भयो भने हामीहरूले सामना गर्ने परिस्थितिलाई हामी बुझ्नसक्ने हुन्छौं, कसैको दवाबमा नपरि र नतिजा जे आएतापनि शान्त र नम्र भएर आफ्नो नीतिमा अडिग भएर बस्न सक्ने हुन्छौं। सिँहको खोरमा पर्नुपरेतापनि अगमबक्ता दानिएल जे ठीक छ त्यही गर्न पछि हटेनन्। तर त्यसको बिपरित इस्रायलको बडा हाकिम सामसनले मोजमज्जा र मतवालिपनमा हिँड्दा आफूले आफैलाई बशमा राख्न सकेन। त्यसले गर्दा के उचित छ के उचित छैन सो छुट्याउन सकेन र एउटा सुन्दरीको मोहमा परेर उसको पतन भयो। पोटिफरको घरमा काम गर्दा जे ठीक थियो त्यही गरे। पोटिफरको श्रीमतीले आफूतिर तान्दा पनि बरू झ्यालखानामा बस्न तयार भए तर परमेश्वरले दिनुभएको नीतिको बिरुद्धमा उनी गएनन्। तर त्यसको ठीक बिपरित बुद्धिले भरिएको र असाध्यै धनी राजा सोलोमन स्त्रीहरूको पछि लागेर मानिसहरूले बनाएको अरू देवीदेवताहरूको पछि लागे (१ राजा ११:४,५)।

**अनुशासन वा आफूले आफैलाई बशमा राख्न सक्ने नीतिको बारेमा १ कोरन्थी ९:२४-२७मा पावलले के भन्छन्? आखिरमा हामीहरूको जीवनलाई हामीहरूले नै आत्मसंयम भएर सम्हाल्ने बानीमा भर पर्छ भनेर त्यहाँ के लेखिएको छ? हेर्नुहोस्: " २४ के तिमीहरूलाई थाहा छैन, दौड़मा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड। २५ खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ। तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं। २६ यसकारण लक्ष्य नराखी म दगुर्दिनँ।**

**हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ। २७ तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैंचाहिँ अयोग्य ठहरिनेछु।"**

"आफ्नै मोजमज्जामा मात्र हिंड्नु यस संसारको नीति हो। जततते गलत र मनगढन्ते वा मानिसलाई भ्रममा पार्ने कथाहरूले आकर्षित गरिरहिरहेको पाइन्छ। अनेक किसिमबाट मानिसलाई नाश गर्ने वा तहसनहस गर्ने जालोहरू यस संसारमा शैतानले बिछ्याइरहेको छ। सबै जना जो परमेश्वरको भय मानेर सिद्ध पवित्रको बाटोमा हिंड्न चाहन्छ भने आत्मनियन्त्रण र आत्मसंयमका पाठहरू सिक्नै पर्छ। शारीरिक अभिलाषा र भोक वा जथाभावी खाने बानीलाई दिमागको उच्च अनुशासनमा राख्नुनै पर्छ। यदि हामीले परमेश्वरलाई र उहाँको पवित्र वचनको सत्यलाई बुझ्न र व्यवहारमा ल्याउन चाहन्छौं भने आफूले आफैलाई अनुशासनमा राख्न अत्यन्त जरुरी छ। त्यसले हामीहरूको दिमागलाई बलियो बनाउँछ र आत्मिक ज्ञानलाई तिखो पार्दछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. १०१बाट रूपान्तरित।

तर आत्मनियन्त्रण वा आफूले आफैलाई बशमा राख्ने अनुशासन कसरी सिक्ने भनेर कसैले सोध्ला। त्यो त नियमित रूपमा गरिरहने बानी वा आदतमा सुधार्दै लैजाने कुरो हो। "तिमीले गर्ने सबै कामहरूमा पवित्र पारिराख्न" परमेश्वरले तिमीहरूलाई बोलाउनुभएको हो (१ पत्रुस १:१५ रूपान्तरित)। "ईस्वरीय स्वभावमा ढाल्न आफूले आफैलाई तालिम लेऊ" भनेर पावलले आह्वान गर्दछन् (१ तिमोथी ४:७ रूपान्तरित)। जसरी सङ्गीतकार र खेलाडीले आफू पौरखी वा निपूर्ण बन्न तालिम लिन्छन् त्यसरी नै परमेश्वरको सञ्चितक अर्थात् उहाँको जिम्मेवार भक्त हुनको निम्ति आफूलाई तालिम दिनुपर्छ र त्यसै अनुसार व्यवहारमा लाग्नुपर्छ। हामी आफ्नै बलले त्यो स्वभावलाई सुधार्न सक्दैनौं तर परमेश्वरको शक्ति र मेहनतले आवश्यक बानीलाई अनुशासन सिक्न र अनुशासनमा राख्न सक्छौं।

**यस पतित र भ्रष्ट संसारमा परमेश्वरको स्वभावमा हिंड्न र विश्वासीको जीवन बिताउन केवल परमेश्वरले मात्र शक्ति दिनुहुन्छ भन्ने कुरालाई ख्यालमा राखेर हामीले हाम्रो जीवनलाई उहाँमा समर्पण गर्न कसरी सिक्ने?**

**उपसंहारः**

**थप जानकारीः** हत्या, हिंसा मोजमज्जा र भौतिकवादको चरम सिमामा पुगिरहेको संसारको युगमा हनोक र नोहा परमेश्वरसँग हिंड्ने बानी बसालेका थिए (उत्पत्ति ५:२४, ६:९)। तिनीहरूले परमेश्वरको अनुग्रहलाई बुझेका थिए र त्यसलाई ग्रहण गरेका थिए। त्यसले गर्दा तिनीहरूमा जे थिए तिनीहरूलाई असली सञ्चिता गरेका थिए र जुन काम गर्न तिनीहरूलाई खटाइएको थियो त्यसको जिम्मेवारी मेहनतसाथ पूरा गरेका थिए।

यस संसारको इतिहासभरि हनौक र नोहा जस्ता मानिसहरू थिए जो परमेश्वरसँग हिंडेका थिए। अरूहरूको साथै दानिएल र उनका मित्रहरूको नाउँ उल्लेखनीय भएको पाउँछौं। "तिनीहरू मूर्तीपूजा र अनेकौं भ्रममा पार्ने धर्महरूको बीचमा बसोबास गरेका थिए। तर ती संस्कार तथा संस्कृतिहरूको बीचमा परमेश्वर वा सत्य धर्मको प्रतिनिधि भएर उभिनुपर्दा तिनीहरूको दिमाग शुद्ध तथा तिखो हुनुपर्छ र तिनीहरूको चरित्र सिद्ध रूपमा येशूको स्वभाव देखाउने हुनुपर्छ भनेर तिनीहरूले महसुस गरेका थिए। तिनीहरूको सर्वोच्च गुरू परमेश्वर आफै हुनुहुन्थ्यो। तिनीहरूले निरन्तररूपमा प्रार्थना गर्दथे, दिमाग खियाएर अध्ययन गरिरहन्थे, अदृश्य परमेश्वरसँग सम्पर्कमा रहिरहन्थे र हनोक जस्तै गरि तिनीहरू परमेश्वरको साथ साथ हिंड्दथे।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस्, पृ. ४८६बाट रूपान्तरित।

परमेश्वरको भण्डारे वा सञ्चितक यस संसारमा रहँदा दिनदिनै परमेश्वरसँग रहने वा जीउने बानी गर्नु नै "परमेश्वरसँग हिंड्नु हो" भनेर व्याख्या गरिन्छ। बुद्धिमानी सञ्चितकले यस भ्रष्ट संसारमा परमेश्वरसँग हिंड्ने बानी बसाल्दछ। परमेश्वरलाई विश्वास नगर्ने संसारमा अनेकौं प्रलोभनमा फस्ने संस्कारको बीचमा केवल परमेश्वरसँग सम्पर्कमा रहिरहँदामात्र त्यसबाट सुरक्षित हुन सकिन्छ।

परमेश्वरको विश्वासिलो, भरपर्दो सञ्चितक वा परमेश्वरको जिम्मेवारी व्यक्तित्वमा बिभिन्न स्वभाव तथा गुणहरू मिलेको हुन्छ। तिनीहरूमा परमेश्वरसँगको सहमतिमा हिंड्ने बानी (आमोस ३:३), ख्रीष्टमा नै हिंड्ने चलन (कलस्सी २:६), पुरानो जीवन वा पुरानो अधर्मी स्वभाव त्यागेर नयाँ जीवनमा ढालेर चल्नु (रोमी ६:४), येशूको प्रेमलाई आत्मसात् गरेर चल्नु (एफिसी ५:२), बुद्धि र ज्ञानमा हिंड्नु (कलस्सी ४:५), सत्यमा हिंड्नु (भजन ८६:११), परमेश्वरको ज्योतिमा हिंड्नु (१ यूहन्ना १:७), नैतिक पारदर्शीतामा

चल्नु (हितोपदेश १९:१), परमेश्वरको व्यवस्थालाई आत्मसात् गरेर चल्नु (प्रस्थान १६:४), असल काम गरेर हिँड्नु (एफिसी २:१०) र परमेश्वरले देखाउनुभएको सिधा बाटोमा हिँड्नु (हितोपदेश ४:२६) हुन्।

**चिन्तनमननः**

अ. परमेश्वरको सम्पत्तिलाई जिम्मेवारीपूर्वक हिफाजत गर्न सुम्पिएको व्यक्तिको जीवनमा नम्रता हुनै पर्छ अर्थात् आफ्नो भाऊ खोज्ने प्रवृत्तिबाट स्वतन्त्र हुनुपर्छ। नम्रता भन्नुको अर्थ के हो त? हेर्नुहोस् देहायका पदहरूः मत्ती ११:२८-२९ "
२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।
२९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ।", एफिसी ४:१-३ "
१ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर।
२ *सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर,*
३ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर।", फिलिप्पी २:१-५ "
१ यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने,
२ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर।
३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान।
४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर।
५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो।" र याकूब ४:९-११ "
९ दीन अवस्थाको भाइले आफ्नो उच्च अवस्थामा गर्व गरोस्,
१० र धनीले चाहिँ आफ्नो दीन अवस्थामा गर्व गरोस्, किनकि मानिस घाँसको फूलजस्तै ओइलिजानेछ।
११ किनभने डढ़ाउने गर्मीसँग सूर्य उदाउँछ, र घाँसलाई ओइलाइदिन्छ।

फूल झर्छ र त्यसको शोभा नष्ट हुन्छ। त्यसरी नै धनी मानिस पनि आफ्नै कामधन्धामा नष्ट भएर जान्छ।" परमेश्वरसँग सँगै हिंड्न नम्रता, आफ्नो भाऊ नखोज्ने बानी किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, मीका ६:८ " ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नु र तिम्रा परमेश्वरसित विनम्र भएर हिंड्नु।"

आ. हामीहरूका विश्वासीहरूको बीचमा कुनै खराब वा आफूले आफैलाई नाश गर्ने केही बानीको धरापमा छ भने तिनीहरूलाई कसरी सहयोग गर्न सक्छौं? स्थानीय चर्चको हैशियतले तपाईंको चर्चले तिनीहरूलाई  के गर्न सक्नुहुन्छ?

इ. इसाई सञ्चितक वा पक्का येशूभकक्तमा हुनुपर्ने केही गुणहरू के के छन्? उदाहरणमा हेर्नुहोस्ः तितस २:७-८ " ७ सबै कुरामा असल कामको नमूना भई तिमीले आफूलाई देखाऊ, र तिम्रो शिक्षामा ईमानदारी, गम्भीरता, ८ र कसैले निन्दा गर्न नपाउने ठीक बोली होस्, ताकि हाम्रा विरुद्धमा खराबी बोल्ने कुरा केही नभएकोले हाम्रो विरोधी शर्ममा परोस्।", भजन ११९:१७२ " मेरो जिब्रोले तपाईंका वचनको भजन गाओस्, किनकि तपाईंका सबै आज्ञाहरू धर्ममय छन्।" र मत्ती ५:८ " धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्।

ई. समयको रहस्यहरूको बारेमा सोच्नुहोस्। समय किन छिट्टो गएको जस्तो हुन्छ? समयलाई बुझ्ने हाम्रो क्षमता के छ र? अझ परमेश्वरले दिनुभएको बरदानहरूलाई जिम्मेवारीका साथ हिफाजत गर्नु पर्नेमा हामीसँग रहेको छोटो समयलाई पनि झन कसरी असल सञ्चितक भएर सम्हाल्ने बानी हामीमा किन हुनुपर्छ?

कथा १२

## परमेश्वरले पाल्नुभएको
## जमैका, रेगलान वेट, ५०

*यो कथा ५० वर्षको रेगलान वेटको* हो। *उनले जमैकाको राजधानी किङ्स्टनमा गुड सामारितन छाप्रोको रेखदेख गर्छन्। त्यो एडभेन्टिस्ट संस्था हो जहाँ घरबारबिहीनहरूलाई सहयोग गर्छन्।*

म अनाथालयमा हुर्केको थिएँ। अनि जब म छ वर्षको थिएँ तब आइतबार पालन गर्ने इसाईको घरमा मलाई पाल्न लगिएको थियो। जब म १७ वर्षको भएँ तब मलाई धर्मपुत्र पाल्ने आमाबाबुको मृत्यु भयो। मसँग प्रशस्त खानेकुरा थिएन। जिउन गाह्रो भएकोले मलाई जन्माउने आमाबाबु को होला भनेर खोजिनिति गर्न थालें। मलाई पाल्ने अनाथलयमा फर्कें र मलाई जन्मदिने आमाको नाउँ पत्ता लगाएँ। तर उनी कहाँ बस्थिन् भन्ने कुरा कसैले भन्न चाहेनन्। अनि म सरकारको समाज कल्याण विभागमा गएँ। त्यो बेसहाराको बारेमा जानकारी लिने र सहयोग गर्ने विभाग थियो। त्यहाँको एक महिलाले मलाई भनिन् कि मलाई जन्मदिने परिवारको नाउँ तिनीहरूको सूचीमा थियो र तिनीहरूले सरकारबाट सहायता पाएका थिए। म हाइस्कुल पढ्दा मलाई जन्मदिने आमा आउनुभएको थियो भनेर उनले भनिन्। तर व्यक्तिगत गोपनियताको कारणले त्यो भन्दा बेसि खबर दिन उनले मानिनन्। तर मेरो दाइसँग सम्पर्क गर्ने र उनले चाहेमा भेट्न सक्ने गराइदिन्छु भनेर उनले भनिन्। म एक दिन फुटबल खेल हेरिरहेको थिएँ एक जना हाइस्कूलको शिक्षकले मेरो कुममा छोएर सोधे, "के तिमी रेगलान हौ? हामी दुई दाजुभाई हौं।" दाइलाई भेट्न पाउँदा मलाई अत्यन्त खुशी लाग्यो। कार्ल मभन्दा सात वर्षको जेठो थियो र उनले मलाई घर लान चाहे। मसँग अलिकति जे थियो त्यो बोकेर म नयाँ घरमा गएँ। मैले मेरी आमालाई सबभन्दा पहिलो पल्ट देखें। मेरी आमा मानसिक रोगले पिडित थिइन् र उनले मलाई चिन्न सकिनन्। तैपनि मेरी आमालाई भेट्दा मलाई खुशी लाग्यो। मेरो दाजु सेभेन्थ-डे एडभेन्टिस्ट थिए र साबथमा चर्च जान मलाई निम्तो दिनुभयो। चर्चका विश्वासीहरूले मलाई धेरै सहयोग गरे। मैले राम्रोसँग पढ्न जानेको थिइनँ। तिनीहरूले मलाई पढ्न र लेख्न सिकाए। साबथ स्कूल अध्ययन गर्ने समयमा मलाई पढ्न सघाए। बाइबल कसरी पढ्ने र पढाउने भन्ने विषयमा

सिक्न गर्मीको विदामा एडभेन्टिस्ट विश्वविद्यालयमा भर्ना हुन चर्चका विश्वासीहरूले मद्दत गरे। म २२ वर्ष हुँदा मैले विवाह गरेँ र एउटा बच्चा पाएँ। मैले पर्यटकहरू आउने मन्टेगो बेको पेट्रोल बेच्ने ठाउँमा काम गर्ने मौका पनि पाएँ। म चर्चमा सक्रिय भएकोले मलाई एल्डरमा अभिषेक पनि गरियो। एक फेरा एडभेन्टिस्टहरू धेरै भएको ठाउँमा बाल सङ्गति सुरू गर्न चर्चको अगुवाहरूले अनुरोध गरेका थिए। सुसमाचार प्रचार गर्ने क्रममा हामीहरूले साबथ स्कुल किताबबाट पानाहरू च्यातेर पुरानो चर्चका सदस्यहरूलाई बाँड्यौं र चर्चमा आउन अनुरोध गऱ्यौं। त्यसबेला हामीहरूले धेरै गरिब मानिसहरूलाई भेट्यौं। हामीले ५० जना चर्च छोडेका विश्वासीहरूलाई फेरि फर्कायौं। तर बिस्तारै मेरो व्यक्तिगत जीवनमा भुइचालो जान थाल्यो। म ३६ वर्षको हुँदा म श्रीमतीसँग छुट्टिएँ र अर्कीसँग बिबाह गरेँ। चर्चको अगुवाहरूसँग कचकच हुँदा म चर्चबाट निस्कें। चर्च नगइकन घरमै परमेश्वरको आराधना गर्न थालें। तीन वर्ष अघि जमैकाको राजधानी किङ्गस्टनमा सरें र त्यहाँ एक जना साझेदारसँग व्यापार स्थापना गरेँ। म मेरो व्यवसायमा व्यस्त हुँदा मेरी श्रीमती अर्कै सहरमा उनको परिवारसँग रहिन्। तर मेरो साझेदार र मेरो झगडा हुँदा हामीहरूको व्यापार टाट पल्टियो र अर्को काम पाउँन मैले संघर्ष गर्नुपऱ्यो। आखिरमा म घरबार बिहीन भएँ र मेरो घमण्डले गर्दा मेरी श्रीमती र नातेदारहरूसँग सहयोग माग्न अस्वीकार गरेँ। म तीन महिनासम्म सडकको छेऊमा सुतें। एक दिन म जस्तै घरबाहर बिहीन भएको मानिससँग कुरा गर्दै थिएँ त्यसबेला कहाँ नुहाउन पाइन्छ, लुगाफाटा र खाना कहाँ पाइन्छ भनेर सोधेँ। गुड सामरिटन छाप्रोमा जानु र त्यहाँ खाना दिन्छ भनेर मलाई उसले भन्यो। हुन्छ त त्यहाँ जान्छु भनेर म त्यहाँ गएँ। गुड सामारिटन छाप्रोका मानिसहरूले मलाई मायालु व्यवहार गरे र मलाई खाना दिए। त्यहाँ मलाई लाउन लुगा पनि दिए। त्यो त सेभेन्थ-डे एडभेन्टिस्ट चर्च र चर्चका विश्वासीहरूले संचालन गरेको भनेर मैले थाहा पाएँ। म त्यस संस्थामा नियमित रूपमा आउन थालें र मैले पनि केही न केही सहयोग गरूँ भन्ने भावनाले मलाई घचेट्न थाल्यो। अनि म त्यस संस्थाको बगैंचा सफा गर्न थालें। म चर्चमा जान थालें र फेरि मैले बप्तिस्मा लिएँ। आज म ५० वर्षको छु र गुड सामरिटन छाप्रोको रेखेदेख गर्छु। आज त्यहाँ मेरै आफ्नै अफिस छ र बस्ने ठाउँ पनि छ। मेरी दोस्रो श्रीमतीसँग पनि कचकच भएर छुटेको थियो तर पुनर्मिलन भयो। सडकको जीवन गाह्रो थियो। परमेश्वरले फेरि मलाई

आफ्नो बनाउनुभएकोमा मलाई असल लागिरहेको छ। तपाईंहरूले दिने भेटीको केही भाग त्यस सामारिटन छाप्रोलाई मर्मत गर्न, औषधी उपचार गर्न र दाँतको क्लिनिक खोल्न चाहिने कोठाहरू बनाउन सहयोग मिल्नेछ। रेगलान जस्तो मानिसहरूलाई सहयोग गर्न सामारिटन इन वा छाप्रोलाई सहयोग गर्नुभएकोमा धन्यवाद।

(रेगलानले आन्ड्रयु मकचेस्नेसँग कुराकानी गरेको आधारमा लिखित विवरण)।

**<u>जमैकाको बारेमा थप जानकारी:</u> जमैकाको अर्थतन्त्रलाई चारभागको एक भाग पर्यटकहरूको आगमनमा भर परेको छ। वर्षको दश लाख पर्यटकहरू त्यहाँ आउँछन्। करिबियन क्षेत्रमा धेरै अङ्ग्रेजी बोल्ने ठाउँ जमैका हो। त्यहाँको स्थानीय भाषा जमैका पाटियोस् पनि चल्दछ। क्रियोल भाषासँग अङ्ग्रेजी मिसिएको भाषा पनि बोल्दछन्। सन् १९६२मा बिलायतबाट जमैका स्वतन्त्र भएतापनि बिलायतकी महारानी एलिजाबेथ प्रथम् त्यस देशको राष्ट्रध्यक्ष हुनुहुन्छ। प्रोटेस्टेन्ट इसाईहरू जनसंख्याको ७० प्रतिशत छन्। चर्च अभ गड पछि सेभेन्थ-डे एडभेन्टिस्टहरू ठूलो सम्प्रदायको चर्च हो। जमैकामा ९जनामा एक जना एडेन्टिस्ट छ।**